# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८  रिब्दीकोट वैशाख १६, २०८१ साल संख्याः १०**

**भाग -२**

**रिब्दीकोट गाउँपालिका**

रिब्दीकोट गाउँपालिकाको विनियोजन ऐन २०८० बमोजिम गाउँकार्यपालिकाले तल उल्लेख भए अनुसार काउले सामूहिक मौरीपालन कार्यक्रम संचालन कार्यविधि-२०८०, सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## काउले सामुहिक मौरीपालन कार्यक्रम संचालन कार्यविधि-२०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।०६

पृष्ठभूमिः

मौरीपालनको व्यवसायीकरण मार्फत युबा तथा महिलाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्दै मह उत्पादन र उत्पादकत्वमा बृद्धि गरि आय आर्जन बढा( उने उद्देश्यले रिब्दीकोट गाउँपालिका वडा नं. ८ को आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रमको सि.नं. ५०८ मा भएको काउले सामुहिक मौरीपालन कार्यक्रमलाई सरल, सहज, ब्यबस्थित, पारदर्शी, प्रभाबकारी ढंगबाट  संचालन गर्न यो कार्यबिधि निर्माण गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम:“काउले सामुहिक मौरीपालन कार्यक्रम संचालन कार्यविधि-२०८०“ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यक्रम“ भन्नाले मौरी पालन व्यवसायको प्रवर्द्धन र व्यवसायीकरणका लागि कृषकहरुबाट माग भई आएका प्रविधि, उत्पादन, प्रशोधन, तालिम तथा व्यवसायीकरणका लागि आवश्यक क्रियाकलाप सहितको कार्यक्रम सम्झनुपर्दछ ।

(ख) “समिति“ भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण तथा कार्यान्वयन गर्नका लागि दफा ४.४ बमोजिमको समिति सम्झनुपर्दछ ।

(ग) “मौरी पालन“ भन्नाले मह उत्पादन तथा मौरी गोला,घार,मौरी जन्य सामाग्री सम्झनुपर्दछ ।

(घ) “अनुदानग्राही“ भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरु र कृषिसंग सम्बन्धित समितिहरुलाई सम्झनुपर्दछ ।

(ङ) “वडा कार्यालय“ भन्नाले रिब्दीकोट गाउँपालिका अन्तर्गतको ८ नं वडा कार्यालयलाई सम्झनुपर्दछ ।

(च) “गाउँपालिका“ भन्नाले रिब्दीकोट गाउँपालिका भन्ने सम्झनु पर्दछ ।

३. **उद्देश्य:**

(क) अनुदानलाई प्रभावकारी रुपमा वितरण,उपयोग र सदुपयोग गर्न ।

(ख) गाउँपालिकाको प्रतिबद्दता अनुरुप महमा आत्मनिर्भर बनाउन ।

(ग) कृषकहरुको आय आर्जनमा टेवा पुर्याई जिवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

(घ) कार्यक्रमको कार्यान्वयन,अनुगमन एबं प्रगतिलाई प्रभावकारी बनाउन ।

(ङ) मह र मह जन्य बस्तुको उत्पादन बृद्धि गर्न ।

## परिच्छेद - २
## व्यवस्थापकीय पक्ष

४. **कार्य संचालन प्रक्रिया :**

४.१. वडा कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहाने रिब्दीकोट गाउँपालिका वडा नं. ८ को साबिकको टोल नं.५ (काउले)का कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुका लागि अनुसूची -१ बमोजिमको १० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

४.२. यस कार्यक्रममा समावेश हुन चाहने अनुदानग्राहीले तोकिएको समय भित्र अनुसूची-२ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

४.३. दफा ४.२ बमोजिम पेश भएका निबेदन माथि विनियोजित बजेटको परिधि भित्र रही दफा ४.४ अनुसारको समितिले छनौट मापदण्ड तयार गरि अनुदानग्राही छनौट गर्नेछ ।

४.४. कार्यक्रम कार्यान्वयन, अनुगमन एबं प्रगतिलाई प्रभावकारी बनाउन तपशिल बनोजिमको कार्यक्रम

कार्यान्वयन समिति रहने छ ।

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा सदस्य ४ जना | सदस्य |
| वडा सचिब | सदस्य |
| कृषि प्राविधिक | सदस्य सचिव |

५. **अनुदान रकमको सिमा र प्रतिशतः**

गोला सहित मौरी घार ७५% प्रतिशत र तालिममा शत प्रतिशत

६. **अनुगमन, मुल्यांकन तथा प्रतिवेदन :**

कार्यक्रमको अनुगमन रिब्दीकोट गाउँपालिकामा गठन भएको अनुगमन समितिले गर्नेछ र सोको अनुगमन प्रतिवेदन कृषि शाखाले गाउँपालिकामा पेश गर्नेछ ।

७. **कार्यविधिको ब्याख्याः**

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

अनुसूची-१

**गोला सहित मौरी घार माग सम्बन्धी सूचना**

मिति ........................

आ.व.२०८०/०८१ को लागि रिब्दीकोट गाउँपालिका वडा नं.८को स्वीकृत वार्षिक कार्यक्रम अनुसार काउले सामुहिक मौरीपालन कार्यक्रम अन्तर्गत ७५% अनुदानमा गोला सहित मौरी घार वितरण गर्ने कार्यक्रम सम्पन्न गर्न गोला सहित मौरी घार माग संकलन गर्नुपर्ने भएकोले उक्त कार्यक्रमबाट लाभान्वित हुन इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषिसंग सम्बा्न्धित समितिहरुले आवश्यक मौरी घार संख्या उल्लेख गरी १० दिन भित्र यस वडा कार्यालयमा तपशिलका कागजात सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानाकारिका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

१. निवेदन।

२. कृषकको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपी र जग्गाधनि प्रमाणपत्र प्रतिलिपी।

३. फर्म,समूह र सहकारीको हकमा दर्ता प्रमाणपत्र प्रतिलिपी र निर्णयको प्रतिलिपी ।

नोट: यो कार्यक्रम रिब्दीकोट गाउँपालिका वडा नं.८,फेकको टोल न. ५ मा मात्र लागु हुनेछ।

..

......................

वडा अध्यक्ष

अनुसूची-२

मिति...............

श्री वडा अध्यक्ष ज्यू
रिब्दीकोट गाउँपालिका वडा न ८, फेक

विषय: मौरी घार माग सम्बन्धमा ।

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिका वडा न ८, फेकको मिति .......................... को सूचना अनुसार म/हामी...................... ..............................लाई ............ वटा गोला सहित मौरी घार आवश्यक भएको हुदा (म/हाम्रो २५% प्रतिशत लागत सहभागिता रहने प्रतिबद्धता सहित) उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु/छौं,

निवेदक
नाम:
ठेगाना:
सम्पर्क न.:

आज्ञाले
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत